**बेनीघाट रोराङ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड – ६** **संख्या – १३** **मितिः २०७९ फाल्गुण २४**

# भाग - २

विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि, २०७९

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

**बेनीघाट रोराङ गाउँपालिका**

## स्थानीय राजपत्र

**खण्ड – ६** **संख्या – १३** **मितिः २०७९ फाल्गुण २४**

# विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि, २०७९

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०७९।११।२०**
**प्रमाणीकरण र प्रकाशन मितिः २०७९/११/२४**

प्रस्तावनाः बेनीघाट रोराङ गाउँपालिका भित्र रहेका विद्यालयहरुमा बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन ,२०७९ को दफा १६ बमोजिम विद्यालय व्यवस्थापन समिति गठन कार्यको लागि सहजीकरण गर्दै विद्यालय व्यवस्थापन समिति गठन कार्यमा आउन सक्ने अप्ठ्याराहरुलाई समाधान गर्न वास्तविक अभिभावकहरुको विद्यालय व्यवस्थापनमा प्रतिनिधित्व गराई शैक्षिक, भौतिक, आर्थिक र विद्यालयका समग्र गतिविधिहरुमा थप प्रभावकारीता र गुणस्तर कायम गर्ने उद्देश्यले अब उप्रान्त गठन हुने विद्यालय व्यवस्थापन समितिहरुमा बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन ,२०७९ को दफा ५५ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि, २०७९ बनाएको छ ।

## परिच्छेद —१

### संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "**विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि, २०७९**" रहेको छ । यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि गाउँपालिका भित्रका सबै विद्यालयहरुमा लागू हुनेछ ।

(२) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

क) "शिक्षा ऐन" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन ,२०७९ सम्झनुपर्छ ।

ख) "विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि २०७९" भन्नाले शिक्षा ऐन २०७९ को दफा १६ का लागि बनाईएको कार्यविधि सम्झनुपर्दछ ।

ग) "अभिभावक" भन्नाले विद्यार्थीका बाबु, आमा, दाजु, भाइ, दिदी बहिनी, बाजे बज्यै वा विद्यार्थीको पालनपोषण र पठनपाठनको व्यवस्था मिलाउने व्यक्ति भएता पनि शिक्षा ऐनको दफा १६ को उपदफा १ को खण्ड क बमोजिमको विद्यालय व्यवस्थापन समितिको पहिलो चार सदस्यको छनोट गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै मात्र अभिभावक मानिने छ ।

घ) "शैक्षिक सत्र " भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराउने वार्षिक अवधि सम्झनु पर्छ ।

ङ) "व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

च) "विद्यालय" भन्नाले सार्बजनिक, नीजि लगानीका विद्यालय, शैक्षिक गुठीमा सञ्चालित विद्यालय , संस्थागत विद्यालय र सहकारी विद्यालय सबैलाई सम्झनुपर्छ ।

छ) "सहयोग समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति गठनका लागि सहयोग गर्न गठित विव्यस छनौट सहयोग समिति भन्ने बुझ्नुपर्छ ।

ज) "विद्यालय व्यवस्थापन समिति गठन" भन्नाले दफा १६ बमोजिम गठन हुने समिति भन्ने बुझ्नुपर्दछ । सो शब्दले अभिभावक भेलाको दिन उपस्थित अभिभावकहरुको आम सहमति भएको खण्डमा अभिभावकहरुको छनोटमा र सो नभएको खण्डमा बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा १७ को उपदफा २ बमोजिम वा सहमति कायम हुन नसकेको अवस्थामा विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समितिको निर्णय र कार्यपक्रिया बमोजिम गठन भएको समिति समेतलाई जनाउँदछ ।

## परिच्छेद -२

### विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको पदावधि

(३) शिक्षा ऐनको दफा १६ को उपदफा १ को खण्ड (क), (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण पालना नगरेको देखिएमा गाँउ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद —३

### विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य छनौट सम्बन्धी व्यवस्थाः

(४) प्रधानाध्यापकले शिक्षा ऐनको दफा १६ बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको छनोट गर्ने प्रयोजनका लागि शैक्षिक सत्र शुरु भएको तीस दिन भित्र कम्तीमा सात दिनको सूचना दिई अभिभावकको भेला गराउनुपर्नेछ ।तर निर्धारित पदावधि समाप्त भएको कारणले अध्यक्ष वा सदस्य छनोट गर्ने प्रयोजनका लागि त्यसरी अध्यक्ष वा सदस्यको पदाबधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै र अन्य अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त भएमा पदपूर्ति गर्नमा लागि त्यसरी रिक्त भएको पन्ध्र दिन भित्र अभिभावकहरुको भेला गराउनुपर्नेछ ।

(५) प्रधानाध्यापकले शिक्षा ऐनको दफा (१६) बमोजिम अभिभावकलाई भेला गराउनु तीन दिन अघि अभिभावकको नामावली विद्यालयमा सार्वजनिक गर्नुपर्नेछ ।

(६) शिक्षा ऐनको दफा (१६) बमोजिम सदस्य छनोट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नका लागि गाउँ शिक्षा अधिधारी वा निज उपलब्ध नभएमा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले खटाएको कर्मचारीको संयोजकत्वमा, स्रोत व्यक्ति ,प्रधानाध्यापक र सम्बन्धित वडाको प्रतिनिधि रहेको चार सदस्यीय छनोट सहयोग समिति गठन गर्नेछ ।

(७) शिक्षा ऐनको दफा (१६) को उपदफा १ को खण्ड (घ) बमोजिमको सदस्य विद्यालयका शिक्षकहरुको स्टाफ बैठकबाट छनोट गरी पठाउनु पर्नेछ ।

(८) शिक्षा ऐनको दफा (१६) को उपदफा १ को खण्ड (ख) बमोजिमको सदस्य विद्यालयका वडा समितिले छनोट गरी पठाउनु पर्नेछ ।

(९) शिक्षा ऐनको दफा १६ बमोजिम विद्यालय व्यवस्थापन समितिको गठन गर्नका लागि विव्यस छनोट सहयोग समितिले देहाय बमोजिमको कार्य गर्न सक्नेछ ।

क) अभिभावकको पहिचान सहितको नामावली तयार गर्ने ।

ख) व्यवस्थापन समिति गठनमा आवश्यक परे अन्य कर्मचारीको व्यवस्थापन गर्ने ।

ग) शान्ति सुरक्षाको व्यवस्था मिलाउने ।

घ) ऐनको दफा १६ को उपदफा १ को खण्ड क का लागि मनोनयन पत्र दर्ता गराएका अभिभावकहरु बीचबाट सदस्य छनौट गर्नको सहमति जुटाउने र सो हुन नसकेमा विव्यस सदस्यका लागि निवेदन दिएका अभिभावकहरुबीच बाट सदस्य छनौट गर्नको लागि निर्वाचन कार्यक्रम प्रकाशन र सञ्चालन गर्ने ।

ङ) निर्वाचनको लागि यससँग सम्बन्धित आचारसंहिता तयार गर्ने ।

च) मतपत्र र निर्वाचनको लागि आवश्यक पर्ने सामग्रीको उचित व्यवस्थापन गर्ने ।

छ) मतदान हुने स्थानको निर्धारण गर्ने ।

ज) उम्मेदवारहरुबाट मनासिब किसिमको उम्मेदवारी दर्ता शुल्क लिने ।

झ) आवश्यक्ता अनुसार उचित निर्णय लिन बैठक बस्ने ।

## परिच्छेद –४

### विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुका लागि योग्यता

(१०) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुका लागि योग्यता तपसिल अनुसार हुनेछ ।

क) अध्यक्ष पदका लागि जुन तह र जति कक्षा सम्म सञ्चालित विद्यालय हो कम्तिमा सकभर उक्त कक्षासम्मको अध्ययन पूरा गरेको ।

ख) अन्य सदस्यहरुका लागि कम्तिमा राम्ररी लेख्न र पढ्न सक्ने ।

ग) मानसिक सन्तुलन ठिक भएको ।

घ) नैतिक पतन हुने गरी फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

ङ) अध्यक्ष र अन्य सदस्यको हकमा पच्चिस वर्ष उमेर पुरा भएको ।

च) नेपाली नागरिकता भएको ।

छ) कुनै सरकारी वा अर्धसरकारी कार्यालयबाट पारिश्रमिक लिनेगरी नियुक्त कर्मचारी/शिक्षक पद धारण नगरेको ।

ज) प्रचलित कानुन बमोजिम कालो सूचीमा नपरेको ।

झ) आफ्ना छोराछोरी वा नातीनातिनाहरु विद्यालयमा कम्तीमा ८० प्रतिशत हाजिर भएको ।

(११) माथि जुनसुकै कुरा लेखिएता पनि विद्यालय व्यवस्थापन छनौट सहयोग समितिले गरेको निर्णय अवज्ञा गर्ने अभिभावक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य पदमा उम्मेदवार हुन सक्ने छैन ।

## परिच्छेद– ५

### राजीनामा स्वीकृत र पदको रिक्तताः

(१२) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरुको राजीनामा स्वीकृत र पद रिक्तता तपसिल बमोजिम हुनेछ ।

क) विद्यालय व्यवस्थापन समितिको सदस्यको राजिनामा अध्यक्षले र अध्यक्षको राजीनामा जेष्ठ सदस्यको अध्यक्षतामा बसेको विद्यालय व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

ख) अध्यक्ष छ महिना भन्दा बढी समय सम्मको लागि जिम्मेवारी लिन नसक्ने भएमा र वि.व्य.स.को पदावधि एक वर्षभन्दा बढी भएमा निजको प्रतिनिधित्व जसरी भएको छ, सोहि अनुरुप छनौट वा मनोनित गर्नुपर्नेछ ।

ग) लगातार तीन वटा भन्दा वढी बैठकमा बिना जानकारी अनुपस्थित हुने सदस्यहरुलाई समितिले स्पष्टिकरण सोधन र सचेत गराउन सक्नेछ ।

घ) दफा (१२) को खण्ड (ग) बमोजिम स्पष्टिकरण सोध्दा चित्तबुझ्दो जवाफ नआएमा वा त्यसपछिको बैठकमा पनि अनुपस्थित भएमा स्वतः पदाधिकार समाप्त हुनेछ ।

## परिच्छेद– ६

### विद्यालय व्यवस्थापन समिति विघटनः

(१३) निम्न अवस्थामा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पति हिनामिना गरेमा ।

(ख) विद्यालयको शैक्षिक वातावरण खलबल्याएमा ।

(ग) नेपाल सरकार,प्रदेश सरकार र गाउँपालिकाको नीति विपरित कार्य गरेमा ।

(घ) विद्यालय व्यवस्थापन समितिले सन्तोषजनक रुपमा कार्य गर्न नसकेमा ।

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालना नगरेमा ।

(१४) दफा (१३) बमोजिमका अवस्थाले विद्यालय व्यवस्थापन समिति विघटन भएमा विव्यस रिक्त मानी यसै कार्यविधि बमोजिममा उल्लेख भएको व्यवस्था अनुसार हुनेछ ।

## परिच्छेद –७

### विविधः

(१५) माथि उल्लेखित बाहेक विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धि थप व्यवस्था निम्न बमोजिम हुनेछ

क) आफ्नो कार्यकाल समाप्त भएपछि विद्यालय व्यवस्थापन समितिले कुनैपनि प्रकारका नीतिगत निर्णयहरु नगर्ने र त्यस्ता गरेका निर्णयहरु स्वत वदर भएको मानिने छन तर भौतिक निर्माणको जिम्मेवारी, आफ्नो कार्यकालको बेरुजु फछ्यौट जस्ता अत्यावश्यक गर्नै पर्ने कार्यहरुको लागि यसले बाधा पुर्याएको मानिने छैन ।

ख) विद्यालय व्यवस्थापन समितिको लागि छनोट प्रक्रियामा उपस्थित बहुमत अभिभावकहरुवाट सर्बसहमतिबाट छनौट गर्ने तर सर्वसम्मत हुन नसकेको खण्डमा यस कार्यविधिको दफा ९ बमोजिम विव्यस छनौट सहयोग समितिबाट भएको निर्णय अन्तिम निर्णय हुनेछ ।

ग) आफुले गरेको कामको सम्बन्धमा विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षा, युवा तथा खेलकुख शाखा प्रति, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रति र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गाउँ शिक्षा समिति प्रति जवाफदेही हुनेछन ।

घ) विव्यसको सदस्य हुन चाहने अभिभावकहरुले विव्यस छनौट समिति समक्ष अनुसूचि १ को ढाँचामा मनोनयन पत्र पेश गर्नुपर्नेछ ।

## परिच्छेद— ८

## सशोधन, बचाउ र खारेजी

(१६) माथि उल्लेखित कार्यविधि आवश्यकता अनुसार सम्सोधन र खारेजी हुन सक्नेछ । यो कार्यविधिको कार्यान्वयन गर्नु सरोकारवाला सबैको कर्तव्य र जिम्मेवारी मानिनेछ । कार्यबिधिको कार्यान्वयन गर्दा देखिएका समस्या समाधान र आवश्यक निर्देशन गाउँ शिक्षा समिति मार्फत हुनेछ ।

# अनुसूचि १

बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा १६ बमोजिम गठन हुने
विद्यालय व्यवस्थापन समितिको सदस्य पदका लागि मनोनयन पत्र

श्रीमान् संयोजकज्यू
विव्यस छनौट सहयोग समिति
श्री .......................विद्यालय.................।

प्रस्तुत सन्दर्भमा तपसिल बमोजिम विवरण भएको म ...............श्री ............विद्यालयको व्यस्थापन समितिको सदस्य हुन चाहेकोले यो मनोनयन पत्र दाखिला गरेको छु ।

तपसिल :

ईच्छुक अभिभावकको नाम: ठेगाना :
नागरिकता : उमेर :
शैक्षिक योग्यता :
सम्बन्धित विद्यार्थीको नाम : अध्ययनरत कक्षा :
रोल नं. विद्यार्थीसंगको सम्बन्ध :

उल्लेखित व्यहोरा सही सत्य हो र मेरो विद्यार्थी नियमित रुपमा उल्लेखित कक्षामा अध्ययन गरिरहेको छ । म कुनै विद्यालयमा शिक्षक, प्रधानाध्यापक र कर्मचारी पदमा कार्यरत छैन् । यो व्यहोरा झुठा ठहरे ऐन,कानून बमोजम सहुँला, बुझाउँला ।

मिति :

हस्ताक्षर :

उल्लेखित व्यहोरा सही सत्य हो झुठा ठहरे ऐन ,कानून , सवाल बमोजिम सहुँला,बुझाउँला भनी प्रमाणित गर्ने प्रधानाध्यापकको :

नाम : मिति :

हस्ताक्षर :

मनोनयन पत्र स्वीकृत गर्ने

संयोजकको नाम : मिति : हस्ताक्षर :

**आज्ञाले**

**भीष्म कुमार मल्ल**

**प्रमुख प्रशासकीय अधिकृत**